**आकाशवाणी समाचार- नेपाली**

मितिः २० मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. . फलता विधानसभा क्षेत्रमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो भाजपा प्रत्याशीको समर्थनमा रोड शो गर्नु भयो। उहाँले आज उहाँले आज सिलगडी आनुहुने र महत्त्वपूर्ण प्रशासनिक बैठक गर्नुहुनेछ।

२. केन्द्र सरकारको स्वच्छ भारत मिसन योजनाको पाइलट परियोजनामा पश्चिम बंगालका कालिम्पोङ र दार्जिलिङलगायत चार शहरहरूलाई समावेश गर्ने निर्णय गरिएको छ।

३. कलकत्ता उच्च अदालतको आदेशपछि राज्य सरकारले आरक्षणको लागि ओबीसीका ६६ श्रेणिहरूलाई अधिसूचित गरेको छ।

४. सांसद राजु विष्टले हिजो खरसाङ खण्डको दुधेमा निर्माणाधीन पूलको निरीक्षण गर्नु भयो।

५. पश्चिम बङ्गाल नगर मामिला विभागले हिजो उत्तर बङ्गालका चारवटा नगरपालिकाहरूको बोर्डलाई भङ्ग गर्ने घोषणा गऱ्यो।

**फलतामा मुख्यमन्त्रीद्वारा रोड शो**

फलता विधानसभा क्षेत्रमा आगामी 21 मईमा हुने मतदानअघि मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो भाजपा प्रत्याशी देव्यांशु पण्डाको समर्थनमा व्यापक रोड शो गर्नु भयो। प्रचार अभियानको अन्तिम दिन मुख्यमन्त्री श्री शुभेन्दु फेरि एकपटक फलतामा पुग्नु भयो अनि शक्ति प्रदर्शनको माध्यमबाट चुनाव प्रचार गर्नु भयो। रोड शोपूर्व मुख्यमन्त्रीले फलताको शिव मन्दिरमा पूजा-अर्चना गरी आशीर्वाद लिनु भयो। त्यसपछि बङ्गनगर-दुई पञ्चायत क्षेत्रको हासीमनगरस्थित कालीतला मैदानमा रोड शोको शुरूआत गर्नु भयो। मुख्यमन्त्रीलाई हेर्नका लागि सड़कका दुवै किनारमा व्यापक रूपमा मानिसहरू भेला भएका थिए। कतिपय स्थानहरूमा पुष्पवर्षा गरीउनलाई स्वागत गरियो। मुख्यमन्त्री शुभेन्दु अधिकारीले पनि लगातार हात हल्लाएर मानिसहरूको अभिवादनलाई स्वीकार गर्नु भयो। भाजपाको आरोप छ, वर्ष 2021-मा भएको चुनाउपछिको हिंसामा स्वपन मण्डलको हत्या गरिएको थियो।

**मुख्यमन्त्री शुभेन्दु अधिकारी सिलगडी**

राज्यमा राजनीतिक परिवर्तनपछि मुख्यमन्त्री शुभेन्दु अधिकारी पहिलो पटक उत्तर बंगालको भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँले आज सिलगडी आनुहुनेछ साथै उत्तरकन्यामा एउटा महत्त्वपूर्ण प्रशासनिक बैठक गर्नुहुनेछ। प्रशासनिक सूत्रहरु अनुसार यस बैठकमा उत्तर बंगालका विभिन्न जिल्लाका वरिष्ठ अधिकारीहरू सामेल हुनेछन् । बैठकमा कानून व्यवस्थाको स्थिति, सरकारी योजनाहरूको प्रगति र क्षेत्रीय विकाससित सम्बन्धित धेरै महत्त्वपूर्ण मुद्दाहरूमा चर्चा गरिनेछ। मुख्यमन्त्रीको भ्रमणलाई लिएर सुरक्षा व्यवस्था कठोर गरिएको छ। उत्तरकन्या परिसरलाई फ्लेक्स, फेस्टुन र अन्य सजावटले सजाइएको छ। हजो  धेरै वरिष्ठ भाजपा नेताहरू उत्तरकन्या पुगेर तयारीको समीक्षा गरे। उत्तर बंगालको विकास र प्रशासनिक गतिलाई तीव्र पार्ने सन्दर्भमा यो बैठक धेरै महत्त्वपूर्ण सिद्ध हुन सक्ने राजनीतिक विश्लेषकहरूको भनाई छ।

**पश्चिम बंगाल अन्नपूर्ण योजना**

पश्चिम बंगाल सरकारले महिलाहरूको सामाजिक-आर्थिक उत्थानको लागि मासिक ३ हजार आर्थिक सहायता प्रदान गर्ने **अन्नपूर्णा योजना**लाई अधिसूचित गरेको छ। महिला तथा बाल विकास तथा समाज कल्याण विभागद्वारा प्रशासित यो योजना १ जूनदेखि लागू हुनेछ। यस योजना अन्तर्गत योग्य लाभार्थीहरूलाई उनीहरूको आधार-लिङ्क गरिएको बैंक खातामा प्रत्यक्ष लाभ स्थानान्तरणमार्फत सहायता वितरण गरिनेछ। २५ देखि ६० वर्ष उमेरका महिलाहरू यस योजनाको लागि योग्य छन्। योग्य महिलाहरू आयकर तिर्ने व्यक्ति हुनुहुँदैन र कुनै पनि स्थायी सरकारी जागिरमा कार्यरत हुनु हुँदैन।
नयाँ आदेश अनुसार, 'लक्ष्मी भण्डार योजना' का सबै हालका लाभार्थीहरू स्वचालित रूपमा अन्नपूर्ण योजनामा स्थानान्तरण हुनेछन्। नयाँ आवेदकहरूका लागि अन्नपूर्ण योजनाको लागि अनलाइन पोर्टल १ जुन २०२६ मा सुरु हुनेछ।

**बंगालका स्वच्छ भारत मिसन योजनाको पाइलट परियोजना**

केन्द्र सरकारको स्वच्छ भारत मिसन योजनाको पाइलट परियोजनामा पश्चिम बंगालका चार शहरहरूलाई समावेश गर्ने निर्णय गरिएको छ। राज्यमा हालै भएका राजनीतिक परिवर्तनपछि यो कदमलाई केन्द्रीय योजनाहरूमा राज्यको सक्रिय सहभागितातर्फ एक महत्वपूर्ण परिवर्तनको रूपमा हेरिएको छ। स्वच्छ भारत मिसन सम्बन्धी एक उच्चस्तरीय बैठक हिजो नयाँ दिल्लीमा केन्द्रीय शहरी विकास मन्त्री मनोहर लाल खट्टरको अध्यक्षतामा सम्पन्न भयो र विभिन्न राज्यका प्रतिनिधिहरूले भाग लिए। पश्चिम बंगालको प्रतिनिधित्व गर्नु हुँदै राज्यकी मन्त्री अग्निमित्र पलले बैठकमा भाग लिनु भयो| लगभग १० वर्षमा पहिलो पटक राज्यका मन्त्रीले यस्तो केन्द्रीय स्तरको भेलामा भाग लिनु हयेको हो।
बैठकपछि मन्त्रीअग्निमित्र पलले भन्नु भयो, अघिल्लो राज्य सरकारको कार्यकालमा स्वच्छ भारत मिसन प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन। उहाँले दाबी गर्नु भयो, अन्य राज्यहरूको तुलनामा यस योजना अन्तर्गत विनियोजन गरिएको रकमको लगभग १६ प्रतिशत मात्र बंगालमा प्रयोग भएको छ। उहाँले भन्नु भयो, प्रारम्भिक चरणमा राज्यका चार शहरी क्षेत्रहरू दुर्गापुर-आसनसोल, कालिम्पोङ र दार्जिलिङमा पाइलट परियोजनाहरू सुरु गरिनेछ। उनका अनुसार, स्वच्छ भारत अभियान अन्तर्गत बंगालले लगभग २०० करोड मूल्यका परियोजनाहरू प्राप्त गर्ने सम्भावना छ।

**पश्चिम बंगाल – ओबीसी आरक्षण**

कलकत्ता उच्च अदालतको आदेशपछि पश्चिम बंगाल सरकारले राज्य सरकारभित्र आरक्षणको लागि अन्य पिछडिएका वर्ग ओबीसीका ६६ श्रेणिहरूलाई अधिसूचित गरेको छ। यसबाहेक ओबीसी-ए को लागि १० प्रतिशत आरक्षण र ओबीसी-बी को लागि ७ प्रतिशत आरक्षण खारेज गरिएको छ। पश्चिम बंगाल सरकारको पिछडिएका वर्ग कल्याण विभागद्वारा जारी गरिएको अधिसूचनामा ७ प्रतिशत आरक्षणको लागि योग्य ६६ ओबीसी श्रेणिहरूको सूची प्रकाशित गरिएको छ।

**सांसद राजु विष्ट - दुधे**

सांसद राजु विष्टले हिजो खरसाङ खण्डको दुधेमा निर्माणाधीन पूलको निरीक्षण गर्नु भयो। गत ४ अक्टोबरमा आएको विनाशकारी भलले यहाँको फलामे पूललाई भत्काइदिएपछि अहिले त्यहाँ नयाँ पुलको निर्माण कार्य धमाधम भइरहेछ। उक्त पक्की पूल निर्माण नभइञ्जेलसम्मको निम्ति अस्थायी पुल बनाइएको छ। तर, हाल लगातार परिरहेको पानीले उक्त अस्थायी पुललाई पनि भत्काउने सम्भावनाले मानिसहरूलाई चिन्तामा पारेको छ। यस कुरालाई ध्यानमा राख्दै सांसद विष्ट हिजो खरसाङको एउटा कार्यक्रम सकेर दुधे पुग्नु भएर निर्माणाधीन पुलको निरीक्षण गर्नु भएको छ।

***प्रायः सात महिना बितिसक्दा पनि पुल निर्माण कार्य पूर्ण नभएकोमा सांसद विष्टले आश्चर्य प्रकट गर्नु हुँदै यसको मुख्य कारणहरूबारे सम्बन्धित विभागीय अधिकारीहरूसँग जानकारी लिनु भयो। उहाँले पश्चिम बंगालको पीडब्ल्यूडी प्रमुख अभियन्तालाई पूल निर्माणको कार्यलाई चाँड़ो पूरा गर्ने निर्देश दिनु भएको छ। उहाँले सिलगढ़ी-मिरिक लगायत वरपरका क्षेत्रलाई जोड्ने यस मार्गलाई सहज बनाउन चाँड़ो पूल निर्माण कार्य समाप्त गरिनुपर्छ भन्दै पुल निर्माण कार्य चाँड़ो पूरा गर्न वर्तमान राज्य सरकार अनि आफ्नो व्यक्तिगत पक्षबाट सहयोग प्रदान गर्ने बताउनु भयो। उहाँले यसै अवधि बाढी पीड़ितहरूलाई पनि सहयोग प्रदान गर्ने वचन दिनु भएको छ।***

## सांसद राजु विष्ट - खरसाङ

यो जीत भाजपाको मात्र होइन, सम्पूर्ण पहाड र गोर्खा जातिको जीत हो। खरसाङको जनतालाई नमन गर्न आएको हुँ। यो जीत खरसाङको जनतालाई समर्पित गर्न चाहान्छु।' उक्त कुरा दार्जिलिङका सांसद एवं भारतीय जनता पार्टीको राष्ट्रिय प्रवक्ता राजु विष्टले भन्नु भएको छ। खरसाङमा आयोजित विजय उत्सव र्‍यालीपछि खरसाङको मोटर स्ट्याण्डमा सम्पन्न पथसभालाई सम्बोधन गर्नु हुँदै सांसद श्री विष्टले आफ्नो सम्बोधनमा गोर्खा जातिलाई मास्न खोज्ने, गोर्खा जातिलाई हेप्ने, अन्याय र अत्याचार गर्ने ममताको सरकार गएको बताउनु भयो। सांसद राजु विष्टले भन्नु भयो, 'गोर्खा जातिलाई न्याय दिने भाजपा र मोदी सरकार हो। भाजपा सरकारले गोर्खा जातिलाई अवश्य पनि न्याय दिनेछ। यसपाली विधानसभामा पाँचजना गोर्खा विधायकहरु पुगेका छन्। अब जेनजीको समस्या समाधान हुनेछ। चालकहरुको पनि समस्या समाधान हुनेछ।'
उहाँले अघि भन्नु भयो, 'अन्यायमाथि न्यायको जीत भएको छ। गोर्खाको स्वाभिमानको जीत भएको छ। पहाडमा भाजपा र मोदीको सरकार छ। अब भ्रष्टाचार बन्द हुन्छ। अब भ्रष्टाचार गर्ने नेताहरूलाई जनताले नै कुट्नेछन्। अब जनताले न्याय पाउनेछ।' उहाँले भन्नु भयो, 'स्थायी राजनैतिक समाधानको काम अब शुरु भएको छ। स्थायी राजनैतिक समाधान भनेको संवैधानिक अधिकार हुनेछ।

## चारवटा नगरपालिकाहरूको बोर्ड भङ्ग

पश्चिम बङ्गाल नगर मामिलाको विभागले हिजो उत्तर बङ्गालका चारवटा नगरपालिकाहरूको बोर्डलाई भङ्ग गर्ने घोषणा गर्‍यो। यी नगरपालिकाहरूमाथि पछिल्लो लामो समयसम्म चुनाउ नगराई प्रशासनिक बोर्डको माध्यमबाट अवैध रूपमा सञ्चालन गर्ने आरोप लाग्दै आएको थियो। राज्य सरकारले यी नगरपालिकाहरूको प्रसासनिक नियन्त्रणलाई अस्थायी रूपमा नोकरशाह प्रशासकहरूलाई सुम्पिएको छ। नयाँ व्यवस्था अन्तर्गत सम्बन्धित महकुमा शासक (एसडीओ)-ले यी नगरपालिकाहरूको कामकाज सम्हाल्नेछन्, जबसम्म नयाँ चुनाउ गराएर नयाँ बोर्ड समिति गठन हुँदैन। नगर मामिलाको विभागद्वारा जारी अधिसूचना अनुसार यो फसेला राज्यपाल आर. एन. रविको कार्यालयको सल्लाहपछि लिइएको हो।

****** ० ******